REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN
BROADCAST: 18:40 hrs      Date: 06.04.2025

## CM-Cricket Night: CM Facebook

मुख्यमन्त्री प्रेमसिंह तामाङ चौथो नर्थ ईस्ट क्रिकेट डेभलपमेन्ट काउन्सिल एचिभर्स, NECDC नाइटमा सहभागी हुनुभयो। उहाँले यो कार्यक्रम मात्र नभई, हाम्रो जीवन्त उत्तरपूर्वी क्षेत्रमा प्रतिभा, प्रतिबद्धता र एकताबद्ध खेलकुदको शक्तिको उत्सव हो भन्नुभयो। साथै, उहाँले यी सम्मानित व्यक्तिहरूको समर्पणले आ-आफ्ना राज्यलाई गौरवान्वित मात्र नतुल्याई असंख्य युवा जमातलाई क्रिकेटमार्फत ठूलो सपना देख्न प्रेरित पनि गरेको बताउनुभयो। उहाँले भन्नुभयो, राजस्थानमाथि सिक्किमको र मुम्बईमाथि मेघालयको जितजस्ता विजयहरू हाम्रो क्षेत्रमा विद्यमान प्रतिभाका सशक्त सूचक हुन्। राज्य सङ्गठनहरू, प्रशिक्षकवर्ग, सहयोगी कर्मचारी र हाम्रा दृढ युवा खेलाडीहरूको अथक प्रयासले यो प्रगति सम्भव भएको हो। म यस सफलतामा योगदान पुऱ्याउने प्रत्येक व्यक्तिको गहिरो कदर गर्दछु।

## Ram Navami: RNU

आज राम नवमी हो। देशका बाँकी भागसँगै सिक्किममा पनि आज भगवान रामको जन्मजयन्ती रामनवमी पारम्परिक भक्ति र हर्षोल्लासका साथ मनाइयो। यस अवसरमा विभिन्न मन्दिरहरूमा विशेष पूजा-आराधना गरियो। विभिन्न ठाउँमा आयोजना गरिएका कार्यक्रममा भजन कीर्तन, प्रवचन र रामलीलाहरू आयोजित भए। आज हिन्दू धर्मावलम्बीहरूको चाढ चैते दशैँ पनि हो। यस पर्वमा भगवती दुर्गाको विभिन्न स्वरूपको पूजा गरिन्छ।

## CM-Ramnavami: Social Media

मुख्यमन्त्री प्रेमसिंह तामाङले रामनवमीको शुभ अवसरमा राज्यवासीलाई हार्दिक शुभकामना दिनुभएको छ। उहाँले भन्नुभएको छ, यो पवित्र दिन सद्गुण, कर्तव्य र धार्मिकतालाई चित्रित गर्ने भगवान रामको जन्मको प्रतीक हो। उहाँको जीवनले हामीलाई इमानदारी र नेतृत्वका पाठहरू सिकाउँदछ। श्री तामाङले भगवान रामले हामी सबैलाई स्वास्थ्य, समृद्धि र आन्तरिक शान्तिको आशीर्वाद दिऊन् भन्नुभएको छ। साथै, राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले पनि देशवासीलाई रामनवमीको शुभकामना दिनुभएको छ।

## Minister T. Bhutia Visits: IPR

योकसम-टाशिडिङका क्षेत्रविधायक एवं मन्त्री छिरिङ टी. भोटियाले गेरेथाङ ल्याबिङ, अरिथाङ चोराङ, र टाशिडिङ जीपीयूहरूमा अर्थपूर्ण सामाजिक भ्रमण गर्नुभयो। उहाँले घर-घर गई जनतासित भलाकुसारी गर्दै उनीहरूका समस्याहरू बुझी उनीहरूलाई आश्वासन दिनुभयो। उहाँले सामुदायिक र सांस्कृतिक विकासका लागि सरकारको निरन्तर समर्थन दर्शाउँदै, टाशिडिङ हेभन्ली पाथलाई संगीत उपकरणहरू दान गर्नुभयो।

## Pakyong-International Day of Sport: IPR

विकास र शान्तिका लागि अन्तराष्ट्रिय खेलकुद दिवसका अवसरमा, भारतीय सेनाको त्रिशक्ति कोरले पाण्डम फुटबल एकेडेमीको सहकार्यमा पाण्डमका विभिन्न गाउँका स्थानीय युवाहरूलाई फुटबल किट वितरण गरेको छ। यस पहलले स्रोतसाधनहरू उपलब्ध गराउनुबाहेक, स्थानीय समुदासँग सेनाको निरन्तर संलग्नतालाई पनि दर्शाउँदछ, जसले गर्दा युवाहरूलाई खेलकुद मार्फत युवा विकास, अनुशासन र टोली कार्यप्रति प्रतिबद्ध हुन सहयोग पुग्छ। खेलाडीहरूले नयाँ फुटबल किटका रूपमा प्राप्त नयाँ जुत्ता लगाएर मैत्रीपूर्ण खेल खेले।

## Celebrating the Spirit of Sports: IPR

खेलकुद तथा युवा मामिला विभागले राज्य स्थापनाको पचासौँ वार्षिकोत्सवको सम्झनामा "खेलकुद र एकताको भावना मनाउँदै" भन्ने विषयको राज्यस्तरीय खेलकूद गतिविधिहरूको श्रृङ्खलाबद्ध कार्यक्रम

आयोजना गर्दै छ। राज्यस्तरीय प्रतियोगिताहरूमा जिल्ला टोलीहरूको सहभागितालाई सहज बनाउन पाकिम जिल्ला खेलकुद तथा युवा मामिला कार्यालयले 30 मार्चदेखि 6 अप्रेल 2025 सम्म सबै ब्लकहरूलाई व्यापक रूपमा समेटेर छनौट परीक्षणहरू सञ्चालन गरेको छ। बक्सिङमा अन्डर-16 केटा र केटी, ताइकण्डोमा अन्डर -16 केटा र केटी अनि टेबलटेनिसमा अन्डर-16 केटा र केटीहरूका लागि परीक्षण पाकिममा आयोजित गरेको छ। त्यसै गरी रङ्लीले भलिबल खुला पुरुष र महिला अनि ब्याडमिन्टन अन्डर-16 केटा र केटीहरूका लागि परीक्षणहरू आयोजना गऱ्यो। जिल्ला टोलीका लागि छनौट भएका खेलाडीले पछि विभिन्न जिल्लामा आयोजित हुने राज्यस्तरीय प्रतियोगितामा प्रतिस्पर्धा गर्नेछन्। जिल्लाका तीनवटा महकुमाबाट जम्मा 227 जनाले छनौटका लागि नाम दर्ता गरेका छन्। जिल्ला अधिकारीहरूका रेखदेखमा विभागका प्रशिक्षकहरूले परीक्षण सञ्चालन गरेका थिए।

Weather: M.O Gangtok

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन 20.1 डिग्री सेल्सियस र न्यूनतम तापमन 14.3 डिग्री सेल्सियस रेकर्ड गरियो।

विभागले भोलि अधिकतम तापमान 21 डिग्री सेल्सियस र अधिकतम तापमान 14 डिग्री सेल्यिस रहने पूर्वानुमान गरेको छ।